म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ६० | शुक्रबार १२ असोज २०८० | ने. सं. ११४३ ञलाथ्व | 29 September 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तीनताप्केबाट लागूऔषध सहित एकजना पक्राउ

हेटौंडा, ११ असोज/जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रतिबन्धित लागूऔषधसहित बुधवार राति एक जनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपालिका-३ तिनताप्केस्थित राप्ती पुलबाट लागूऔषध नाईट्रोभेट (७० पत्ता) जम्मा १०५० पिससहित एकजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा चितवनको राप्ती नगर पालिका-१५ कोराक बस्ने अन्दाजी २३ वर्षीय विकास मोक्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

मोक्तानलाई प्रहरीचौकी बासामाडी लेवटबाट खटिएको गस्तीटोलीले लागूऔषधसहित पक्राउ गरेको हो । पक्राउ परेका मोक्तानमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाएको जनाइएको छ ।

## प्रहरीचौकी अगाडिकै दुईवटा सहकारीमा 'फिल्मी शैली'मा चोरी

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ हेटौंडा उपमहानगरपालिका-६, स्थित चौघडा बजारका दुईवटा ठूला सहकारी संस्थामा 'फिल्मी शैली'मा चोरी भएको छ ।

फिल्महरुमा देखाइने चोरी गर्दैगरेको अवस्थाको दृश्य भन्दा फरक थिएन चौघडाको दुईवटा सहकारी संस्थाको चोरी घटना । नाम चलेका जनकल्याण बचत तथा ऋण सहकारी र चौघडा बचत तथा ऋण सहकारी संस्थामा भएको चोरी घटनाले सहकारीहरु कति सुरक्षित छन् ? भन्ने बिषयमा प्रश्नचिन्ह खडा गरेको छ ।

सहकारीहरुको भौतिक संरचनामाथि सुरक्षाको प्रश्न उठ्नु जतिबेला स्वभाविक भयो, त्यतिबेला प्रहरी कार्यालयको सुरक्षा व्यवस्था फितलो बन्न पुग्यो । जनकल्याण र चौघडा सहकारी करिब १ सय मिटरको दुरीमा छन् ।

दुवै सहकारीको मध्येभागमा छ, प्रहरीचौकी चौघडा । प्रहरीचौकीको सामुन्ने अगाडि जनकल्याण सहकारी छ भने थोरैको दुरीमा चौघडा सहकारी । मकवानपुरगढी गाउँपालिकाको १ नम्बर वडा र बकैया गाउँपालिकाको सीमाना सिमात खोलासम्म चौघडादेखि राजदेवी आसपास क्षेत्रसम्मको करिब ३० किलोमिटर क्षेत्रको सुरक्षा जिम्मा लिएको प्रहरी





चौकीले आँगनकै दुई सहकारी 'फिल्मी शैली'मा चोरी हुँदासमेत पत्तो नपाएको हो । सम्भावित घटनाको पूर्वजानकारी (सुराकी) र आपत्तकालीन सूचनालाई आधार मानेर मात्रै सुरक्षा व्यवस्थापन मिलाइरहेको प्रहरीको परम्परागत शैलीका कारण चोरलाई सहकारीको चोरीमा सहजता बनेको देखिन्छ ।

बुधवार मध्यरात १२ बजेको समयमा दुईजना नकावधारी चोरहरु चौघडा सहकारीमा प्रवेश गरेको स्थानीय सुन्दर आचार्यले जानकारी दिए । दुईजनाले मुखको पूरै भाग छोपेको र हातमा पञ्जासमेत लगाएको सिसिटिभी फुटेजबाट देखिएको छ । सिसिटिभी फुटेजबाट पहिचान हुने डरले मुख छोप्नु र प्रहरी अनुसन्धानबाट पत्ता लाग्ने डरले हातमा पञ्जा लगाउनुले दुई सहकारी 'प्रोफेसनल चोर'को शिकार बनेको सहजै अनुमान लगाउन सकिन्छ । चौघडा सहकारीमा उद्देश्यअनुरुप पैसा नभेटेपछि चोरहरु नजिकैको जनकल्याण सहकारीमा केही समयपछि आइपुगेको सिसिटिभी फुजेटबाट देखिन्छ ।

जनकल्याण सहकारीमा प्रवेश गर्नासाथ एकजना पैसा राख्ने सेफतर्फ सिधै गएको र एकजना सिसिटिभीको तार काट्न गएको अनुमान लगाइएको छ । त्यसपछिको घटना भने सिसिटिभीमा कैद हुन सकेको छैन । करिब २ घण्टाभित्र दुई वटा सहकारीमा चोरी भएको अनुमान लगाउन सकिन्छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले चोरीको घटना हुँदा प्रहरीचौकी चौघडा पनि सुरक्षा व्यवस्थापनमै खटिएको दाबी गर्छन् ।

धरान-चतरा- हेटौंडा सडक खण्ड र कान्तिलोकपथ दुवै मार्गमा पर्ने व्यस्त सडक अगाडिकै दुई सहकारीमा चोरी हुँदा बिहीवार साँझसम्म चोरको पहिचान हुन सकेको छैन ।

'हामीले अनुसन्धान गरि रहेका छौं ।', डिएसपी भण्डारीले भने । उनले प्रहरीटोली गस्तीमै रहेका बेला चोरी भएको पनि जानकारी दिए । 'प्रहरीटोली गस्तीमै थियो । सायद, गस्ती कतै गएको बेला घटना घटेको हुनुपर्छ ।', भण्डारीले भने । जनकल्याणमा दुईजनाको समूहले मूलढोका फुटाएर प्रवेश गरी भल्ट फुटाएर ५० हजार ५ रुपैयाँ नगद चोरेको संस्थाले जनाएको छ । चौघडा बचतमा भवन पछाडितर्फको झ्यालको ग्रिल उक्काएर प्रवेश गरे पनि संस्थामा नगद राख्ने नगरेकाले नगद चोरी नभएपनि विद्युतीय उपकरण र भौतिक संरचनामा सामान्य क्षति भएको जनाइएको छ ।

जनकल्याणमा लेखा समितिको बैठकका लागि बिहान समितिका पदाधिकारी आउँदा चोरी भएको थाहा पाएपछि प्रहरीलाई खबर गरिएको थियो भने चौघडा बचतमा कार्यालय समयमा कर्मचारी आएपछि चोरी भएको थाहा पाएर प्रहरीलाई खबर भएको थियो । घटनास्थलमा प्रहरीचौकी चौघडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोली पुगेर अनुसन्धान थालेको छ । केही समय अघि सहकारीमा चोरी हुने क्रम बढेपछि चौघडा क्षेत्रका अधिकांश सहकारीले संस्थामा नगद राख्न छोडेका थिए ।

## बागमतीमा जनता आवास कार्यक्रमको गति सुस्त

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ बागमती प्रदेशमा जनता आवास कार्यक्रम कार्यान्वयन सुस्त देखिएको छ । विपन्न समुदायलाई लक्षित गरी बागमती प्रदेशमा लागु गरिएको जनता आवास कार्यक्रम कार्यान्वयनको प्रगति अत्यन्त न्यून छ ।

संघीय सरकारको सशर्त अनुदानमा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत कार्यान्वयन भएको कार्यक्रम प्रदेशका १३ जिल्लामध्ये काठमाडौं, ललितपुर र भक्तपुरबाहेकका १० जिल्लामा लागु भएको थियो । १० जिल्लामध्ये केही जिल्लाले कार्यक्रम कार्यान्वयन नै गर्न सकेको देखिँदैन भने केही जिल्लामा आंशिकरुपमा कार्यान्वयन भएको छ । मन्त्रालयका अनुसार जनता आवास अन्तर्गत हालसम्म १ हजार २३ वटा आवास निर्माण भएको छ । विगत दुई आर्थिक वर्षमा लाभग्राही सूचीमा परेका १ हजार २३ जनाले आवास निर्माण गरेका छन् भने १ हजार ७० ले आवास निर्माण गरेका छैनन् ।

प्रदेश सरकारले आवास निर्माण अनुदानमार्फत २२ करोड रुपैयाँभन्दा बढी रकम खर्च गरेको छ । प्रदेश सरकार संघीय सरकार मार्फत प्राप्त सशर्ततर्फको कुल



बजेटको २२ करोड ९ लाख ७५ हजार रुपैयाँ आवास निर्माण अनुदानतर्फ खर्च गरेको हो । यो रकमबाट प्रदेशमा १ हजार २२ वटा आवास निर्माण गरिएको छ । जनता आवास कार्यक्रम अन्तर्गत लाभग्राहीले ३ लाख ५० हजार रुपैयाँ भवन निर्माणका लागि पाउने व्यवस्था छ । लाभग्राहीले आवास निर्माण गरेबापत चार किस्तामा अनुदान प्राप्त गर्ने गरेका छन् । आवास निर्माण सम्झौता गरेदेखि सम्पन्न हुँदासम्ममा ४ पटक गरी सम्झौता अनुसारको रकम उपलब्ध गराउने व्यवस्था छ ।

आर्थिक वर्ष २०७८/७९ मा १० जिल्लामा यो कार्यक्रमका लागि २ हजार ९३ लाभग्राही छनोटमा परेका थिए । छनोटमा परेका लाभग्राहीमध्ये गतवर्ष भवन निर्माणका लागि २ हजार २२ लाभग्राहीसँग सम्झौता भएको थियो ।

मन्त्रालयका प्रवक्ता नवीनकुमार सिंहले छनोटमा परेका लाभग्राहीमध्ये ७१ लाभग्राहीबाहेक सबैसँग आवास निर्माणका लागि सम्झौता गरिएको जानकारी दिए । सम्झौता गरेकामध्ये आर्थिक वर्ष २०७८/७९ मा ८१५ लाभग्राहीले मात्र आवास निर्माण गरेका हुन् । अन्य कसैले पनि सम्झौता अनुसार आवास निर्माण नगरेको उनले बताए ।

सम्झौता गरेकामध्ये आर्थिक वर्ष २०७९/८० मा २०८ जनाले आवास निर्माण गरेको प्रवक्ता सिंहले बताए । उनका अनुसार हालसम्म १ हजार २३ जना लाभग्राहीले कार्यक्रमअन्तर्गत आवास निर्माण गरेका छन् । आर्थिक वर्ष २०७९/८० मा लाभग्राही सूचीमा परेकामध्ये १ हजार ७० जनाले आवास निर्माण नगरेको उनले बताए । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको भवन महाशाखाका इन्जिनियर विपिन गौतमले कार्यक्रम विगतका वर्षबाट सञ्चालन हुँदै आएको र विविध कारणले काममा केही ढिलाइ भएको बताए । उनका अनुसार सेवाग्राही नै सम्झौता तथा निर्माण कार्यका प्रक्रियागत विषयका लागि नआउँदा कार्यान्वयनमा समस्या हुने गरेको छ ।

लाभग्राहीले सम्झौतादेखि जग खन्ने लगायतका काममा ढिलाइ गर्दा सम्झौता अवधिभित्र काम हुन नसकेको गौतमले बताए । सम्झौता अनुसार काम सम्पन्न हुँदै गर्दा किस्ताबन्दीमा अनुदान रकम निकासा हुने भएकाले प्रक्रियामा अघि बढ्न लाभग्राहीहरु झन्झट मान्ने गरेको उनले बताए । मन्त्रालयको जिम्मेवारी रेखदेख गर्ने र कमीकमजोरी भएमा सुधार गर्न लगाउने भएकाले कार्यविधि अनुसार नै काम भएको उनको भनाइ छ । गौतमका अनुसार स्थानीय तहका प्राविधिकले अनुगमन गरी काम गरेको आधारमा लाभग्राहीले अनुदान पाउने व्यवस्था कार्यविधिमा छ ।

## थाहामा मनाइयो रेविज दिवस

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ थाहा नगरपालिकामा विविध कार्यक्रम आयोजना गरी १७ औं विश्व रेविज दिवस मनाइएको छ । नगरक्षेत्रभित्र रहेका सामुदायिक कुकुरलाई रेविजविरुद्धको भ्याक्सिन लगाइएको पशुशाखाका मनिषा कटुवालनी मगरले जानकारी दिएकी छन् ।

पशुप्राविधिक बिज्ञान भट्टराईका अनुसार थाहा नगर पालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडा न १ मा ३० वटा, वडा न ३ मा १३ वटा, ४ मा ६ वटा र ११ न वडामा ३० वटा कुकुर सहित २ वटा बिरालोलाइ पनि खोप लगाइएको जानकारी दिए । थाहा नगरपालिकाको डाँडाबास, गैरीगाउँ, दामगाडे क्षेत्रका ४४ वटा कुकुरलाई रेविजविरुद्धको खोप लगाएको पशु प्राविधिक रुपेशकुमार मिश्रले बताए । विश्व रेविजविरुद्धको खोप अभियानमा पशु प्राविधिक मनिषा मगर, रुपेशकुमार मिश्र, विकेश कार्की, विज्ञान भट्टराई, नुतन मिश्र, प्रकाश पाखिन, श्रीराम गर्तौला, प्रशिक्षार्थी पशु प्राविधिक कृष्णकाजी प्रधान, अस्मिता परियारलगायत टोली खटिएको थियो ।

बिहीवार विश्व रेविज दिवसको अवसरमा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा औपचारिक कार्यक्रमको आयोजना गदै दिवसको शुभारम्भ गरेका थिए । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, वडा न १ का वडाअध्यक्ष हेरमान गोपाली, वडा न ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, कृषि तथा पशु विकास शाखाका विकास सुनार, लेखापाल सन्देश घिमिरे, प्रेस संयोजक शम्भु अधिकारीलगायतका सहभागिता रहेको थियो ।

## घरायसी विवादमा चिरपट प्रहार, बुबा, आमा र भाइ घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ हेटौंडा उपमहानगरपालिकामा घरायसी विवाद हुँदा एकाघरका तीन जना घाइते भएका छन् । विवादपछि छोराले चिरपट प्रहार गर्दा बाबु, आमा र भाइ घाइते भएका हुन् ।

घटना हेटौंडा उपमहा नगरपालिका-३ बुलनटोलको हो । बद्रीनाथ मैनालीले घरायसी विवादको कारण बुबा, आमा र भाइलाई कुटपिट गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । बुधबार घरायसी बिवाद हुँदा ५० वर्षीय मैनालीले चिरपटले हानेर बुबा आमा र भाइलाई घाइते बनाएकोमा प्रहरीले उनलाई पक्राउ गरेको हो । मैनालीले चिरपटले हान्दा उनका बुबा ७३ वर्षीय रामजी मैनाली, आमा ६५ वर्षीया माया मैनाली र भाइ ४० वर्षीय केदार मैनाली घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कुटपिटबाट घाइते तीनै जनालाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा आमा मायाको अवस्था गम्भीर भई थप उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको प्रहरीले जनाएको छ । प्रहरीले बद्रीनाथलाई पक्राउ गरी अनुसन्धान तथा आवश्यक कारवाहीको प्रक्रिया सुरु गरेको बताइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 | 057524701, 9855074222 | www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# राक्सिराङको सकारात्मक अभ्यास

मकवानपुरको विकट मानिने राक्सिराराङ गाउँपालिकाले कपडाको रेडिमेट खादा प्रयोगमा रोक्ने निर्णय गरेपछि त्यसलाई कार्यान्वयनमा ल्याएको छ । खादा र ब्याच सभाका अनिवार्य शर्त हुँदै होइनन् । नेपालमा उत्पादन नहुने र विदेशबाट डलर खर्चेर ल्याउने अनावश्यक बस्तुको प्रयोगले हामी कोही पनि ठुला मान्छे बनेका छैनौं । अग्रासनमा बस्नेले खादा र ब्याच लगाउनै पर्ने अनिवार्य शर्त पनि होइन । यो त केवल अलिक फरकपन देखाउन खोजेको र अतिथिलाई मान गरिएको मात्र हो । खादा पुनप्रयोगमा आउँदैन । अर्कोतर्फ त्यसले हाम्रो वातावरणमा पनि नकारात्मक असर गरिरहेको छ । सरकारले नै यस्तो बस्तुको आयातमा प्रतिबन्ध लगाउनु पर्ने थियो । तर, सरकार मौन छ । भलै राक्सिराङ गाउँपालिकाले यो सकारात्मक पहल सुरु गरेको छ ।

हाम्रो आफ्नै उत्पादनको प्रयोग गर्ने हो भने यसले थारै भएपनि आयात प्रतिस्थापन गर्ने छ । राक्सिराङको यो निर्णय कार्यान्वयनमा आएसँगै स्थानीयस्तरमै उत्पादित फूलमालाको प्रयोग सुरु भएको छ । स्थानीयस्तरमा उत्पादिक फूलमालाको प्रयोग बढाउने उद्देश्यले गाउँपालिकाले आयातित खादाको प्रयोगमा रोक लगाउने निर्णय यसअघि गरेको थियो । गत साउन ३१ गते गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय अनुसार आयातित कपडाको खादा प्रयोगमा बन्द गरी गाउँमा फूलेका फूलहरु प्रयोग गर्न थालिएको छ । राक्सिराङ (आईटिएफ) तेक्वान्दो दोजाङको पहिलो बार्षिक साधारणसभा तथा पदक वितरण कार्यक्रममा उपस्थित अतिथिहरुको गलामा गाउँमै फूलेका मखमली, लाउरे फूल र बाह्रमासे फूलका रंगीचंगी मालाहरुले सजिएका थिए । ब्याचमा हरियो पिपलको पातमा सेता टिपेक्सले लेखिएका अक्षरहरु र अतिथि सत्कार गर्दै लगाइएको रंगीन फूलका मालाले अझ शोभा थपिएको थियो । राक्सिराङ (आईटिएफ) तेक्वान्दो दोजाङले यसरी अतिथि सत्कार गरेसँगै गाउँपालिकाको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा आएको हो । सोमबार गाउँपालिकामा ४ जना नयाँ कर्मचारीलाई फूलमालाले स्वागत गरिएको थियो । पैसाको बचत, प्रकृति, सम्पत्तिको पनि उपयोग गर्ने उदेश्यले गाउँपालिकाअन्तर्गतको कुनैपनि कार्यक्रममा गाउँमा फूलेका फूलहरु प्रयोग गर्ने र स्थानीयलाई फूल रोप्नको लागि अभिप्रेरित गर्ने उद्धेश्य राखेको छ ।

यो भन्दा अलिक फरक अभ्यास नारायणी यातायात ब्यवसायी संघले बिगत केही वर्षदेखि गरिरहेको छ । संघले खादा प्रयोग गरेको तर, पुन: प्रयोगमा आउने गलबन्दीलाई नै खादाको रुपमा प्रयो गरिरहेको छ । संघले आफ्ना अतिथिलाई स्वागत गर्ने खादा सामान्यतया जाडो महिनामा गलबन्दीको काम गर्ने खालको भएकै कारण पुन: प्रयोगमा आएको छ । धेरै संघसंस्थाले अनावश्यक खर्चमात्र हुने खालको खादा प्रयोग गर्ने यो अभ्यासलाई निरुत्साहित गर्नै पर्छ । मुलुकको ब्यापारघाटा चुलिएको अवस्थामा अति आवश्यकीय बस्तु बाहेक अनावश्यक बस्तु आयात रोक्नै पर्छ । यदि हामी साच्चै राष्ट्रवादी हो भने सबैले अनावश्यक खादाको बहिस्कार गर्न सक्नुपर्छ । गलामा एकैछिन कार्यक्रम अवधिभर मात्र खादा भिरेर ठूलो मान्छे बनिन्छ भन्ने मानशिकता परिबर्तन गर्नै पर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १३ गते शनिबार ३० सेप्टेम्बर २०२३ । प्रतिपदा, भाद्र शुक्लपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ५:५६, सूर्यास्त ५:५० । सोह्रश्राद्ध प्रारम्भ । पुञ्चली भुजा । प्रतिपदा श्राद्ध । द्वितीया श्राद्ध ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्योपचारमा खर्च हुनेछ | तुला | : रमाइलोमा दिन बित्नेछ |
| वृष | : मानसिक असन्तुष्टि बढ्नेछ | वृश्चिक | : जोश जागर आउनेछ |
| मिथुन | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | धनु | : समयले साथ दिनेछ |
| कर्कट | : काम अपुरै रहने देखिन्छ | मकर | : राम्रो समाचार सुन्न पाइनेछ |
| सिंह | : मनमा निरासा उत्पन्न हुनेछ | कुम्भ | : शुभ नतिजा आउनेछ |
| कन्या | : समयले साथ दिनेछ | मीन | : दिन रमाइलो हुनेछ |

# शैक्षिक सवाल एकातिर शिक्षा ऐन अर्कोतिर



विनय कार्की

विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको 'विद्यालय शिक्षा ऐन २०८०' संसदमा पेश भएको छ । पेश भएसँगै यो राष्ट्रिय बहसको बिषय बनेको छ । संविधानमा शिक्षालाई मौलिक अधिकारका रूपमा राखिएको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ ।

त्यस्तै, शिक्षा क्षेत्रमा राज्यको लगानी बढाउने साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा नीतिको व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ । संविधानले देशलाई संघीय संरचनामा लगेर संघ, प्रदेश र स्थानीय तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ । संविधानको अनुसूची-८ मा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दियो ।

त्यस्तै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा पनि शिक्षाको अधिकार राखेको छ । यस ऐनले विशेष विद्यालयको संचालन बाहेकको विद्यालय शिक्षाको धेरै अधिकार स्थानीय तहलाई नै दिएको छ ।

विद्यालयको संचालन र अनुमति रद्द गर्ने, नयाँ विद्यालय संचालन गर्न अनुमति दिने, शिक्षक नियुक्ति, सरुवा र कारबाही गर्ने लगायत विद्यालय शिक्षा सम्बन्धी अधिकार ऐनले स्थानीय तहलाई दिएको देखिन्छ । विद्यालयमा कार्यरत कर्मचारी र शिक्षकहरूलाई ऐनको यो प्रावधान मन नपरेको देखिन्छ । स्थानीय सरकारले अधिकारको दुरुपयोग गर्ने डर, शिक्षक तथा कर्मचारीमा देखिएको पुरानै एकात्मक संरचनको मनोविज्ञान र व्यावहारिक हिसाबले शिक्षक र स्थानीय तहसँगका टकराव र राजनीति जस्ता धेरै कारणले ऐनमा स्थानीय तहलाई दिएको यस्ता अधिकारको विरुद्धमा शिक्षक सडकमै गएका छन् ।

संघलाई छोड्न नचाहने र स्थानीयलाई विश्वास नगर्ने बीचको द्वन्द्वमा शिक्षकहरू फसेका छन् । शिक्षकले यसरी शिक्षाको स्थानीयकरणसँग असहमति जनाउँदा संघीयताको विषयमा पनि सँगै पुन: प्रश्न उठेको छ । त्यस्तै, यसले हाम्रै इतिहासमा सामुदायिकस्तरमा खोलेका विद्यालयको स्थानीय स्तरबाट सुरु भएको र यसको व्यवस्थापन पनि स्थानीय रूपमा गरेको संस्थागत स्मरणलाई भुलेको देखिन्छ ।

नेपालमा आज हामीसँग दुई फरक प्रकारका विद्यालय छन् । पहिलो गैरनाफामूलक सरकारी/सामुदायिक विद्यालय र दोस्रो नाफामूलक संस्थागत (निजी) विद्यालयहरू छन् । हाम्रो संविधानले माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क व्यवस्था गरेसँगै विद्यालय तहमा व्यापारको कल्पना गर्दैन । त्यसैले संविधानले संस्थागत विद्यालयलाई चिन्दैन । तर, यथार्थमा हामीसँग तीन हजार भन्दा धेरै संस्थागत विद्यालयहरू हाल संचालनमा छन् । यस ऐनले यस्ता संस्थागत विद्यालयको पहिचान गर्दै शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने अधिकार दिँदै यसको निरन्तरता र नयाँ पनि खोल्न सक्ने बाटो देखाएको छ ।

यस्ता संविधानको परिकल्पना भन्दा बाहिर देखिएका संस्थागत विद्यालयको व्यवस्थापन विश्वको चर्चित हार्वर्ड विश्वविद्यालयको अवधारणामा गर्न सकिन्छ । हार्वर्ड विश्वविद्यालयमा निजीको जस्तै विद्यार्थीबाट शुल्क उठाएर चल्ने शैक्षिक संस्था हो । यहाँ संकलन भएको अर्थ र अन्य स्रोतसाधन आफ्नै भौतिक संरचनाको निर्माण, क्षमता विकास, शैक्षिक गुणस्तर, शिक्षक तलब, भत्ता र अध्ययन अनुसन्धानमा खर्च गरिन्छ ।

त्यहाँको नाफामा कसैले व्यक्तिगत दावी गर्दैन । त्यसैले यो गैरनाफामूलक हुन्छ । हामीसँग भएका निजी लगानीका विद्यालयलाई पनि त्यस्तै तरिकाले केही लगानीको रकम बापत तलब र भत्ता लिने र विद्यालयमा उठेको रकम मूलत: विद्यालयको व्यवस्थापन र स्तरोन्नतिका लागि खर्च गर्ने गरिको यस्ता विद्यालयलाई शैक्षिक गुठीमा रूपान्तरण गर्ने ऐनमा प्रष्ट उल्लेख गर्नुपर्छ ।

शिक्षामा व्यापार गर्दै नाफा कमाउने मनसायलाई ऐनले निरुत्साहित गर्नुपर्छ । यसरी हेर्दा निजी विद्यालय सञ्चालन सम्बन्धी ऐनले बोलेको देखिन्छ भने तर त्यस्ता विद्यालयका शिक्षक र कर्मचारीका विषयमा भने प्रष्ट लेख्न सकेको छैन । ऐनले उनीहरूको तलब, भत्ता र सेवा-सुविधाको सुनिश्चितता गरेको पाइँदैन ।

यस ऐनलाई लिएर सामुदायिक विद्यालयका शिक्षकले सडकमै विरोध र प्रदर्शन गर्दै परिमार्जनका एजेन्डा उठाइरहँदा निजी विद्यालयका शिक्षक भने संगठित आवाज उठाउन पनि सकेका छैनन् । निजी विद्यालयका लगानीकर्ताको लगानीलाई चिन्ने र त्यसको पहिचान गर्ने तर त्यस्ता विद्यालयमा अध्यापन गराउने शिक्षक र कर्मचारीका विषयमा ऐन नबोल्दा यस ऐनको निष्पक्षता माथि प्रश्न पनि उठेको छ । सामुदायिक विद्यालयमा अध्यापन गरिरहेका शिक्षकहरू लामो समयदेखि आन्दोलित छन् । अहिले काठमाडौंमा राजधानीकेन्द्रित आन्दोलन चलिरहेको छ ।

शिक्षकको सरुवा, दरबन्दी, कारबाही स्थानीय सरकारले गर्ने, अस्थायी शिक्षकलाई विगतका सहमतिका आधारमा स्थायी गर्ने र उनीहरूलाई पेन्सन दिंदा अस्थायी हुँदाको बेलादेखिको समय पनि जोड्नुपर्ने, विद्यालय कर्मचारी संघीय सरकार अन्तर्गत हुनुपर्ने, इसीडी शिक्षकलाई प्राथमिक तृतीय सरह दरबन्दीको व्यवस्था गर्नुपर्ने, प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगले खुल्ला प्रतिस्पर्धा गर्नुपर्ने, शिक्षक तालिमका लागि शिक्षक काउन्सिलको व्यवस्था गरिनुपर्ने, शिक्षकको तलब र सेवासुविधा अन्य सरकारी कर्मचारी सरह हुनुपर्ने जस्ता मागहरू उठाउँदै शिक्षकहरू सडककेन्द्रित आन्दोलन गरि रहेका छन् ।

गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच पुऱ्याउने चाहना, विद्यालयको मात्रात्मक र गुणात्मक विकास र स्तरोन्नतिदेखि समग्र विद्यालयको शैक्षिक सुधारमा शिक्षकको सहभागिता, नेतृत्व र सहकार्य विना सम्भव हुँदैनन् । देशको शैक्षिक सुधार गर्न पहिले क्षमतावान, सकारात्मक सोच, उच्च मनोबल, ऊर्जावान र आलोचनात्मक शिक्षकको आवश्यकता पर्छ ।

यसको ठीक विपरीत यस ऐनले शिक्षकलाई नियन्त्रण गर्न सक्दा मात्र त्यसले शिक्षामा सुधार गर्न सकिन्छ भन्ने मनसाय देखिन्छ । ऐनले शिक्षकले अरू व्यवसाय, पेशा, राजनीति केही गर्न पाइँदैन भनिरहँदा अध्यापन गरेर सहज जीवनयापन गर्न पुग्ने तलब शिक्षकलाई दिन आवश्यक छ ।

ऐनले शिक्षकलाई राजनीतिमा लाग्न नहुने, कम्पनी स्थापना र सञ्चालन, व्यापार व्यवसाय गर्न नहुने, अन्यत्र कुनै सेवा गर्न नहुने, प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध जस्ता धेरै प्रावधानले सीमा तोकेका छन् ।

ऐनले शिक्षकलाई केवल शिक्षकको रूपमा शैक्षिक र बौद्धिक कर्म मात्र गर्ने व्यक्तिको रूपमा हेरेको देखिन्छ । तर के आज सरकारी शिक्षकले प्राप्त गर्ने तलब, भत्ता, सेवा, सुविधाले शिक्षण पेशामा आकर्षण भरिरहन सक्छ ? सक्दैन । शिक्षकलाई सबैभन्दा आकर्षण र रोजाइको पेशा बनाउन राज्यले शिक्षामा र शिक्षक तथ कर्मचारीको सेवामा पनि लगानी बढाउनुपर्छ ।

स्नातक र स्नातकोत्तर तह पढेका व्यक्ति मात्र शिक्षण पेशामा आउन सक्ने प्रावधान आफैंमा खराब देखिँदैन । तर, शिक्षक हुनलाई योग्यता मात्र खोज्ने, त्यहाँ टिकाउन र प्रथम रोजाइको सेवा बनाउन, शिक्षकको मनोबल उच्च हुने गरी अध्यापन गराउने वातावरण बनाउन शिक्षकलाई पर्याप्त सेवा, तलब, भत्ता, सामाजिक सुरक्षा र सेवापछि पेन्सनको पनि उचित व्यवस्थापन गर्न ऐन चुकेको देखिन्छ ।

विद्यालय शिक्षा भनेको देशको भविष्य निर्माण गर्ने थलो हो । आजको पूँजीवादी प्रतिस्पर्धी संसारमा प्रविधियुक्त गुणस्तरीय, व्यावहारिक, सीपमूलक र व्यावसायिक शिक्षाको पहुँचले मात्र बालबालिकाको उज्ज्वल भविष्यको सुनिश्चितता गर्न सकिन्छ । संसदमा पेश गरिएको शिक्षा नीतिले विद्यार्थीका विषयमा केही खुलेर बोलेको देखिँदैन । यसले विद्यार्थीलाई फेरि केवल सिक्ने, पढ्ने, जान्ने र परीक्षा दिएर पास वा फेल हुने व्यक्तिका रूपमा मात्र हेर्दै पुरानै शिक्षा प्रणालीको निरन्तरता गरिएको पाइन्छ ।

विद्यार्थीका बारेमा ऐन मौन देखिनुले उनीहरूको हितको प्रतिनिधित्व यो ऐनले गर्न नसकेको देखिन्छ । घोकन्ते विद्याको अवधारणामा परिवर्तन गर्दै संवाद, सामूहिक सिकाइ जस्ता अवधारणाको प्रयोग गर्न सक्दा विद्यालय विद्यार्थीका लागि आकर्षणको केन्द्र बन्छन् ।

विद्यालय जाने बालबालिका अनुशासनको कडा घेराभित्र प्रतिस्पर्धा गरेर सफल हुने वा असफल हुने दौडका रूपमा तीनघण्टे घोकन्ते परीक्षा मार्फत माथिल्लो कक्षाको द्वार खोल्नुपर्ने मानसिक भार बोक्न बाध्य देखिन्छन् । सँगै बालबालिकालाई बालभरिया जस्तो बनाएर घर र विद्यालय किताब, कापी, अन्य सामग्री शारीरिक र मानसिक रूपमा दैनिक ओसारिरहेका छन् ।

सिकाइ र शिक्षणका यस्ता प्रक्रियाले बालबालिकालाई शिक्षाप्रति उत्साहित बनाउन सकेको छैन । यस शिक्षा ऐनले पनि विद्यार्थीको उपस्थिति पूर्ण मानिसको रूपमा स्वीकार गर्न सकेको छैन । उनीहरूको विद्यालयमा समान उपस्थिति विना शिक्षाको गुणस्तर, व्यावहारिक र रोजगारमूलक बन्न सक्दैन ।

यो ऐन यस्तै लागु हुँदा विद्यार्थीका लागि पुन: कक्षाकोठामा अनुशासनको डण्डा चलाएर जिज्ञासा, आलोचनालाई निष्क्रिय बनाउने, सफल बन्नु मात्र जीवनको लक्ष्य सिकाउने, सफललाई पुरस्कार र असफललाई दण्डको छडी चल्ने स्थान बन्छ ।

यस्ता नियमसँग संघर्ष गर्न नसकेर चाँडै धेरै बालबालिकामा मनोबल घट्छ र विस्तारै त्यसैमा अभ्यस्त हुँदै असफलतामा रमाउन थाल्छन् । र, धेरैले सधैंका लागि यस्ता प्रतिस्पर्धाबाट आफूलाई अलग गर्दछन् । हाम्रो हाल विद्यमान परीक्षा प्रणालीले केहीलाई सफल बनाएर धेरैलाई असफल घोषणा गर्ने गरेको पाइन्छ ।

त्यसैले आजको परीक्षा प्रणालीमा परिवर्तन गर्दै फराकिलो आधारमा विद्यार्थीका फरक-फरक क्षमताको मूल्याङ्कन र मापन गर्न सक्नुपर्छ । शिक्षा ऐनले परीक्षा प्रणाली र पाठ्यक्रमको परिवर्तन गरेर विद्यार्थीमैत्री शैक्षिक वातावरण विद्यालयमा निर्माण गर्नुपर्छ ।

नेपाल लोकतान्त्रिक मुलुक हो । शिक्षाको महत्वपूर्ण जिम्मेवारी भनेको लोकतन्त्रलाई संस्थागत गर्दै यो व्यवस्थालाई आवश्यक लोकतान्त्रिक मूल्यमान्यता सहितको नागरिक उत्पादन गर्नु हो । तर हाम्रा विद्यालय, कक्षाकोठा, शिक्षक विद्यार्थी र विद्यालय शिक्षकका सम्बन्धहरू लोकतान्त्रिक छैनन् । विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, कर्मचारीबीचको सम्बन्ध तहगत देखिन्छन् ।

यस्ता संरचनामा बहुसंख्यामा रहेका विद्यार्थी भने सधैं सबैभन्दा तल्लो तहमा रहने गरेका छन् । यस शिक्षा ऐनले यस्ता तहगत र संरचनागत सम्बन्धहरू हटाउँदै कक्षाकोठामा सिकाइ वातावरण निर्माण गर्दै, पठन सामग्री र पठन प्रणालीमा व्यापक परिवर्तन गर्न जरुरत छ । यस्तै शिक्षा ऐनले विद्यार्थीका लागि विद्यालयमा संवाद, छलफल र फराकिलो सामाजिक अन्तरघुलनको अवसर दिने वातावरण निर्माण गर्ने थलो बन्नसक्दा मात्र लोकतन्त्रको जग बलियो हुँदै जान्छ ।

अर्को विद्यालयको महत्वपूर्ण संरचना विद्यालय व्यवस्थापन समिति ( वि.व्य.स.) हो । यसका बारेमा यो ऐनले धेरै बोलेको छैन । प्रत्येक विद्यालयमा वि.व्य.स. रहने भने पनि यसले वि.व्य.स.मा अभिभावक, समुदाय र सरोकारवाला पक्षको कसरी समावेश गर्ने भन्ने विषयमा ऐन प्रष्ट देखिँदैन ।

त्यस्तै विद्यालयमा सामुदायिक स्तर बाट मानव स्रोत र समुदायस्तरबाट अन्य सेवा विद्यालयमा कसरी जोड्ने भन्ने विषयमा पनि ऐन प्रष्ट देखिँदैन । संविधानले परिकल्पना गरेको सबै बालबालिकाका लागि शिक्षाको पहुँच पुऱ्याउन वि.व्य.स.को सक्रियताबाट मात्र सम्भव हुन्छ ।

यस्तै समुदायमा कुन बालबालिका विद्यालयबाट छुटेका छन् ? उनीहरू किन छुटे ? त्यसका पछाडि के-कस्ता कारण छन् ? कुन बालबालिकाले विद्यालयमा निरन्तरता दिनसकेका छैनन् ? त्यसका कारण के हुन् ? त्यसको हल कसरी गर्न सकिन्छ ? भन्ने विषयमा वि.व्य.स.को सबैभन्दा ठूलो भूमिका हुन्छ । स्थानीय तहमा शिक्षा गए पनि वि.व्य.स.को जिम्मेवारी ऐनले तोक्न नसक्दा सार्वजनिक विद्यालयको अपनत्व अझै स्थानीय समुदायले लिनसकेको देखिँदैन ।

यो शिक्षा ऐनले संविधानले परिकल्पना गरेको सबैका लागि माध्यमिक तहसम्मको नि:शुल्क शिक्षामा पहुँच पुऱ्याउने, शिक्षालाई गुणस्तरीय, शिक्षालाई सीपमूलक, रोजगारमूलक, व्यवहारिक र व्यावसायिक बनाउने, शिक्षकको मनोबल विकास गर्ने, निजी विद्यालयको व्यवस्थापन गर्ने, शिक्षामा लगानी बढाउँदै विद्यालयलाई स्रोतसाधन सम्पन्न गर्ने, शिक्षालाई समावेशी बनाउने र शिक्षा क्षेत्रको जवाफदेही र जिम्मेवारी वहन बनाउन शिक्षा ऐन प्रष्ट छैन ।

त्यस्तै शिक्षा ऐनको प्रावधानले संविधानमा परिकल्पना गरेको मौलिक हक, मानवअधिकार, समाजवाद र लोकतान्त्रिक प्रणालीको अवधारणालाई पूर्णरूपमा समेट्न सकेको देखिँदैन । यो प्रस्तावित ऐनले नेपालमा रहेको विद्यमान शैक्षिक अन्योलबाट समाजलाई बाहिर ल्याउने र शैक्षिक सवालको सम्बोधन गर्न सक्ने देखिँदैन । यस ऐनले शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी, वि.व्य.स. र शिक्षामा लोकतान्त्रिक प्रणाली लागू गर्न केही प्रगतिशील परिवर्तन गर्ने भन्दा पनि तत्कालका लागि झारा टार्ने काम भएको जस्तो देखिन्छ ।

देश समाजवाद उन्मुख भन्ने, मौलिक हक र मानवअधिकारको प्रत्याभूत गर्ने भन्ने संविधानमा लेख्ने तर ऐनले शिक्षा जस्तो क्षेत्रमा घुमाउरो पारामा व्यापार पनि गर्न दिने, विद्यार्थीलाई केही नजानेको सम्झँदै प्रतिस्पर्धा, अनुशासन र सफल वा असफल घोषणा गर्न परीक्षा प्रणाली चलाइरहने, शिक्षकले सबै जान्ने र विद्यार्थी यान्त्रिक रूपमा सिक्ने मात्र प्रणालीको निरन्तरता, समुदाय शिक्षाको अपनत्वबाट अलग हुँदै सरकारी विद्यालयमा रूपान्तरण हुने र विद्यालयलाई अलोकतान्त्रिक सामाजिक संरचनाको रूपमा निर न्तरता गरिरहने देखिन्छ । सतहमा रमाउन खोज्दा केही गहन सवालमा शिक्षा ऐनमा प्रवेश गर्न सकेको पाइँदैन ।

*(साभार: अनलाइनखबर)*

# सदन, सरकारको विकल्प माइतीघर ?

कुलचन्द्र वाग्ले

लोकतन्त्रमा जनआवाज र अपेक्षाको सुनवाइ कति हुनुपर्छ ? खासमा सरकार र संसद्ले गर्ने हो त्यस्तो सुनुवाइ । यी नागरिक मान्यता प्राप्त संस्था हुन् । प्रणालीगत स्थायी संस्था तर आवधिक निर्वाचित प्रतिनिधि सञ्चालित नागरिक सरकार र सदन । हाम्रोजस्तो देशमा सरकार जे गर्छ वा सदन जे बोल्छ के ती सबै जनताको पक्षमा भएका काम हुन् त ? वा ती सबै जनताकै माग र आवश्यकताअनुसार भएका छन् त ? अथवा सबै जनपक्षीय निर्णय भएका छन् त ? हुन्थ्यो भने त असन्तुष्टिको भुसभुसे धुँवा किन यति बाक्लिँदै जान्थ्यो र ?

नेपाली नागरिक कि त आफ्ना माग लिएर सडकमा आउनु परेको छ कि दमित भएर दु:खी मन बस्नु परेको छ । यसको उदाहरण मागको पोको बोकेर संघीय राजधानी काठमाडौंको माइतीघरदेखि बानेश्वरको नारा, जुलुसमा बुझ्न सकिन्छ । पीडितको लागि, त्यो पनि संघर्ष गर्ने आत्मबल भएको पीडितको लागि लोकतन्त्रले दिएको विशिष्ट ठाउँ बानेश्वर, माइतीघर प्रतीक भएको छ । देशमा अर्को यस्तो ठाउँ बनेकै छैन । प्रदेश बने । सात प्रदेश । तर, यस्ता ठाउँमात्र पनि अझै अन्त बनेका छैनन् । यो पनि संघीय राजधानी काठमाडौं केन्द्रित छ ।

धन्नै यही ठाउँ पनि नागरिकबाट खोसिएको थियो । दुई तिहाइको कम्युनिस्ट सरकारले खोस्ने कोसिस गरेको थियो । लोकतन्त्रमा नेपाली नागरिकले पाएको यति सीमित ठाउँ धन्न नागरिक संघर्ष र अदालतले जोगाइ दिए ।

यही ठाउँ अविच्छिन संघर्ष वा पीडित नागरिक बोल्ने ठाउँ भएको छ । आवश्यकता, अपेक्षा र न्याय पाउन बोल्ने सीमित आँगन पनि नागरिकको पक्षमा जोगाउन संघर्ष गर्नुपरेकै हो । 'हाम्रा माग सुनुवाइ गर' भन्ने पीडितको आवाज घन्कने ठाउँ भएको छ । संघीय राजधानीको पनि 'राजधानी सिंहदरबार' नजिकै । तर सिंहदरबार धेरै बहिरो छ ।

यस्तो किन भयो ? यही चौटोमा पीडितहरू, त्यो पनि विरोध गर्ने सामर्थ्य बोकेर, सामल जोहो गरेर धाउन सक्ने नागरिक किन यहीं धाउनुपरेको हो ? यही ठाउँमा किन दु:ख बिसाउनु पऱ्यो ? नसक्ने त आफ्नै घर आँगनमा घोप्टिनु तिनको नियति भएकै छ । उनीहरूलाई लोकतन्त्रमा फरक छैन । अर्थात् लोकतन्त्रको अनुभूति भएकै छैन ।

मुलुक संघीय प्रणालीमा गयो रे ! तर विरोध बोल्ने, माग गर्ने वा पीडा बिसाउने ठाउँसमेत संघीय हैन केन्द्रीकृत छ । काठमाडौंको माइतीघर वानेश्वर । यहाँ पनि प्रश्न छ । किन यस्तो भयो ? के हाम्रो विधि-प्रणाली लोकतान्त्रिक नै हो ? वा लोकतान्त्रिक विधि अनुकूल नै हाम्रो प्रणाली सुचालित छ के ?

संघीय संरचनाअनुसार प्रदेशहरु बनेका छन् रे ! यसै सोधिएको होइन । राज्य स्रोतमा कार्यकर्ता खपत गर्ने केन्द्र शासित एकाइजस्ता मात्र बनाइएका छन् 'कथित' प्रदेश । बिचरा एउटा अर्को माइतीघर-वानेश्वर पनि दिन नसक्ने प्रदेशहरू । तिनको काम 'जिउधन सरकारी, दालभात तरकारी' भनेजस्तो !

अधिकार केन्द्रित गरिएको परिणाम विरोधको ठाउँ पनि केन्द्रमै सीमित हुने भयो । प्रदेश त 'काटे रगत, निचोरे आकु' भनेजस्ता पात्रमात्र ? आज्ञामुखी, आज्ञापालक पात्र । यही, यस्तै हो त लोकतान्त्रिक पद्धतिको संघीय संरचनाको प्रभाव र परिणाम ? यस्तैलाई भन्छन् त प्रादेशिक संघीयता ?

प्रदेशहरूको यस्तै 'पेन्डुलम' स्थितिले यिनको औचित्य, आवश्यकता र प्रभावकै विषयमा प्रश्न व्यापक भएको हो । असन्तुष्टि प्रतिदिन बढेको हो । के प्रदेश भत्किँदा संघीय, लोकतान्त्रिक पद्धति वा यो संवैधानिक प्रणाली बाँच्छ, बाँच्न सक्छ ? सत्ताका 'झगडालु' मठाधीशहरूले गम्ने र जवाफ दिने विषय पऱ्यो ।

यो, त्योसँग को कुरा छोडौं तर हाम्रो अर्थात् नागरिक सत्ताका मठाधीशहरूलाई मुख खानमात्र बनाएको हो भन्ने लागेको छ कि ? वा बकबक बक्नमात्र ? मानिसले खोपेको ओखल र प्रकृति निर्मित ओखल त फरक होला नि ? विवेक भनिने संवेदना तेरो, मेरो वा आफन्तवादको बन्दी हुने हो र ? के यस्तैलाई भनिन्छ विवेक ?

यस्तै अभाव, यस्तै न्याय नदेख्ने र यस्तै न्याय नसुन्ने बधिर, यस्तै विवेकहीन, यस्तै आफन्त पक्षपाती र अलोकलान्त्रिक प्रवृत्तिले घर वा सरकार चलाएकै कारण माइतीघर वानेश्वर रोएको हो । रुझेको हो । राति पनि सुत्न छोडेको हो वा दिउँसै सुत्न थालेको हो । रात दिन नथाक्ने गरी ।

सरकारले सुन्थ्यो भने, सेता हात्ती जस्ता भारीभरकम राज्यसंयन्त्र भनिने ती के हुन् ? ती जिम्मेवार हुन्थे भने, लोकतन्त्र साच्चै सञ्चालित हुन्थ्यो र गरिन्थ्यो भने के माइतीघर वानेश्वरलाई चिच्याइरहनु पर्थ्यो ? सिंहदारबार छेउ नजिकदेखि कराउँदै वा बिलौना गर्दै हिँड्दै भाडाको संसद् भवन नजिक । त्यो पनि वरै बाहिरसम्ममात्र ? काँडे तारबारभित्र । लाठी, हतियार सज्जित, टोपधारी मनुवाहरूको बाक्लो घेराभित्र ।

माइतीघर बिलौनाको सबैभन्दा ठूलो दोषी भनियोस् कि गैरजिम्मेदार संसद्, सांसद् हुन् । संसद्ले न्याय प्रत्याभूत र सदनले संविधान निस्सृत विधि, न्यायिक अधिकार प्रदेशलाई अपेक्षित हस्तान्तरण गर्थ्यो वा गराउन सक्थ्यो भने, अनुदार, अपवित्र वा अलोकतान्त्रिक सरकार र संस्कारलाई दुत्कारेर जनप्रतिनिधित्वको दायित्व निर्वाह गर्नसक्थ्यो भने वानेश्वर माइतीघर रोइलो बाध्यता पक्कै बिरलै हुन्थ्यो । त्यहाँ नागरिक रहरले आएका होइनन् । पीडाको गीत त्यसै गाएका होइनन् ।

बाँकी पृष्ठ-३....

# कता अल्मलियो पानी जहाज कार्यालय ?



काठमाडौं/ एकान्तकुना स्थित नेपाल पानी जहाज कार्यालय हिजोआज सुनसान छ, कर्मचारीहरु फुर्सदमा छन् । २ फागुन २०७५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले यो कार्यालय उद्घाटन गर्दा भनेका थिए, 'पानीजहाजको टिकट कहिले पाइन्छ भनेर केही महिना हामीलाई जिस्काउलान् तर केही महिना पर्खनुस्, टिकट पाइन्छ ।'

कार्यालय खुलेको साढे चार वर्षसम्म पानीजहाज सञ्चालन त परको कुरा, हाल फाट्टफट्ट सञ्चालन भएका जलयातायातको दर्ता तथा नियमन र थप जलमार्ग पूर्वाधारको अध्ययन गर्न पनि सकेको छैन । कार्यालयका सूचना अधिकारी राजन प्रधानका अनुसार सुरक्षित, व्यवस्थित र किफायती जल यातायातको विकास गरी देशको अर्थतन्त्रमा योगदान पुऱ्याउने उद्देश्यले कार्यालयको स्थापना गरिएको हो ।

त्यस्तै आन्तरिक, अन्तर देशीय र समुद्रमा सञ्चालन गरिने जल यातायात तथा पानीजहाजको दर्ता र नवीकरण गर्ने काम पनि यही कार्यालयको हो ।

दर्ता भएका जलयान तथा पानी जहाजको नियमन र अनुगमन गर्ने, जलमार्ग पूर्वाधार निर्माण गर्ने, जलमार्ग पूर्वाधार, यात्रुको सुरक्षा र सुविधाको मापदण्ड बनाउने, पूर्वाधारहरु मापदण्ड अनुसार भएको वा नभएको अनुगमन पनि यही कार्यालयले गर्नुपर्छ । जल यातयातका चालकलाई अनुमतिपत्र दिने, नवीकरण गर्ने र तालिम दिने संस्थाको दर्ता तथा नवीकरणको जिम्मा पनि यही कार्यालयलाई छ ।

जलयान निर्माणको पूर्वस्वीकृति दिने, निर्माण गर्ने व्यवसायको दर्ता तथा नियमन, पानी जहाजमा काम गर्ने सिम्यान बुक जारी गर्ने, जलयान व्यवस्थापन तथा प्रबर्द्धनको कार्ययोजना बनाएर लागु गर्ने, नेपाली जहाज समुन्द्रमा सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा समन्वय गर्ने जिम्मेवारी पनि यही कार्यालयको हो ।

'कतिपय कामहरु गर्न पर्याप्त कानुनी आधार र पूर्वाधारहरु बनेका छैनन्', यातायात मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारीले भने, 'कार्यालयले त्यसतर्फ केन्द्रित भएर काम गरिरहेकाले भविष्यमा आन्तरिक जल यातायात सञ्चालनको आधार तयार हुनेमा हामी विश्वस्त छौं ।'

**सम्भाव्यता अध्ययनमै सीमित**

जिम्मेवारी धेरै भएपनि कार्यालय सुरुवाती चरणका काममा नै अलमिलएको छ । कार्यालयले विभिन्न नदीमा जलयातायात सञ्चालनको अध्ययन गरेको छ, तर जलयातायात सञ्चालनको पूर्वाधार बनाउन सकेको छैन ।

हालसम्म कर्णालीमा ११५ किलोमिटरको खक्रोला-खिमडी खण्डमा जलयान सञ्चालनको सम्भाव्यता अध्ययन गरेको छ । कालीगण्डकीमा ९५ किलोमिटरको राम्दी-देवघाट खण्ड, कोशीमा ७५ किलोमिटरको चतरा-तुम्लिङटार, नारायणीमा ८५ किलोमिटरको देवघाट गण्डक खण्ड, राप्तीमा सिक्टा-भालुवाङ १०२ किलोमिटर खण्डमा जलयान सञ्चालनको सम्भाव्यता पनि अध्ययन गरेको छ ।

अध्ययनले कर्णाली, नारायणी, कालीगण्डकी र कोशी नदीमा १०० टनसम्म क्षमता भएका जलयानहरु सञ्चालन हुन सक्ने देखिएको कार्यालयका अधिकारीहरु बताउँछन् । तर, यस्तो जलयातायात चलाउनुभन्दा अघि नदीमा डिग्रेडिङ, च्यानलिङ र स्पर निर्माण लगायतका काम गर्नुपर्ने कार्यालयको निष्कर्ष छ ।

कार्यालयले गत आर्थिक वर्षमा सुनकोशी नदीमा जलमार्गको एक खण्डको विस्तृत सम्भाव्यता अध्ययन सकेको छ । सूचना अधिकारी प्रधानका अनुसार गत आर्थिक वर्षमा अरुण दोभानबाट माथि (६८ किमीदेखि १५३ किमीसम्म) यस्तो अध्ययन भएको छ ।

त्यस्तै तामाकोशी र सुनकोशी दोभानबाट माथि ६३.५ किमीसम्म जल यातायात सञ्चालनका लागि विस्तृत अध्ययन भएको छ । कार्यालयले नारायणी नदीमा 'प्यासेन्जर रिभर टर्मिनल' बनाउन विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ ।

कोशीमा चलिरहेका जलयानहरुलाई अरुण दोभानमा परेको अवरोध हटाउन पनि कार्यालयले काम गरेको छ । अरुणमा खुवालुङ नामको ढुंगाका कारण जल यातायातलाई परेको समस्या सल्टाउन सो क्षेत्रमा जलमार्ग सुधारको काम गरेको छ ।

जलमार्गको विकासका निम्ति आवश्यक पूर्वाधारको निर्माण पनि सुरु गर्न बजेटको अभाव रहेको अधिकारीहरुको गुनासो छ ।

**कानुनको मस्यौदा तयार, तर मन्त्रालयमै अड्कियो**

गत जेठमा नेपाल-भारत पारवहन सन्धि १९९९ संशोधनसहित नवीकरण भएपछि नेपालबाटै समुद्रसम्म पानीजहाज सञ्चालनको बाटो खुलेको छ । त्यस्तै नेपालले भारत र तेस्रो देशसम्मको व्यापारका लागि जलमार्गसहित थप सुविधा पाएको छ । नेपालका नदीमा जलमार्ग विकास गर्न सकेमा भारतीय जलमार्गमार्फत समुद्रसम्मको पहुँच पाउन सक्ने सम्भावना पनि रहेको छ । तर, यसका लागि आवश्यक कानुनहरु बनेका छैनन् । पानी जहाज कार्यालयले पानीजहाज दर्तासम्बन्धी ऐन २०२७ समयानुकुल नभएको भन्दै नयाँ ऐन ल्याउन तयारी थालेको ४ वर्ष बित्यो ।

अन्तर्राष्ट्रिय अभ्यास, जल यातायात र पारवहन सम्बन्धी कानुन, सन्धि, महासन्धि, अभिसन्धि र नेपालको कानुनी व्यवस्थासमेतको अध्ययन गरेर कार्यालयले पानी जहाज विधेयकको मस्यौदा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाइसकेको छ । १३ पुस २०७९ मा सहसचिव संयोजकत्वको समितिले अन्तिम रुप दिएको मस्यौदा मन्त्रालयमै थन्किएको छ ।

उक्त ऐन नहुँदा आन्तरिक जल यातायात सञ्चालन र समुद्रमा पानी जहाज सञ्चालनको कानुनी आधार नभएको अधकारीहरू बताउँछन् । हालको कानुनले जल यातायातको बदलिएका आयाम र अन्तर्राष्ट्रिय अभ्यासलाई समेट्न नसक्ने भएकाले नयाँ कानुन जरुरी रहेको उनीहरूको भनाइ छ ।

ऐन नबनेकाले हाल नेपालमा सञ्चालन भइरहेका जल यातायात सञ्चालन, व्यवस्थापन र नियमन गर्न पनि कठिन छ ।

'ऐन नै समायानुकल नभएपछि नियमनको काम गर्न पनि समस्या भएको हो', भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता अधिकारी भन्छन्, 'अब क्रमैसँग कानुनसहित पूर्वाधारहरु बन्दै जान्छ र आन्तरिक रुपमा जलयातायात पनि व्यवस्थित हुँदै जाने वातावरण बन्दै जान्छ ।'

कार्यालयले हाल चलिरहेका मोटरबोट, स्टिमर, क्रुज सीप लगायतको व्यवस्थापन र नियमन गर्न नियमावली प्रस्ताव गरेको पनि लामो समय भइसक्यो । नियमावली भए मोटरबोट लगायतका जल यातायातका साधन दर्ता गर्ने कानुनी बाटो खुल्ने थियो । त्यस्तै जल यातायात सञ्चालनको अनुगमन गर्न पनि सकिने कार्यालयको भनाइ छ ।

जल यातायातको सुरक्षाका लागि नियमनकारी व्यवस्था, मोटरबोट र स्टिमरहरु चलाउने क्याप्टेनले अनिवार्य तालिम, यात्रुको सुरक्षा व्यवस्थालगायतका विषय पनि नियमावलीमा राखिएको छ । यद्यपि उक्त नियमावली मन्त्रालयमै थन्किएको छ ।

**कर्मचारी न बजेट**

कार्यलयमा १८ कर्मचारीको दरबन्दी छ, तर महत्वपूर्ण मानिएका नेभिगेसन, मरिनजस्ता इन्जिनियर नै कार्यालयसँग छैनन् । विभिन्न नदीहरुमा सञ्चालन भइरहेका जलयानहरुको नियमन समेत कार्यालयले गर्न सकेको छैन ।


कार्यालयले नियमित रुपमा बजेट त पाइरहेको छ, तर त्यो जलमार्ग अध्ययनका नाममा परामर्श सेवामा नै खर्च भइरहेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारी कार्यालयलाई पर्याप्त बजेट दिन नसकिएकाले अपेक्षित काम नभएको बताउँछन् । 'उहाँहरुले मिहिनेत गर्नुभएको छ, विस्तारै नतिजा देखिन्छ', प्रवक्ता अधिकारीले भने, 'कतिपय काम त कानुनकै अभावका कारण समेत अघि बढ्न सकेको छैन ।'

गत वर्षसम्म कार्यालयले वार्षिक ५-६ करोड रुपैयाँ बजेट पाउँथ्यो । तर चालु आर्थिक वर्षम बढाएर १५ करोड रुपैयाँ पुऱ्याएको मन्त्रालयका प्रवक्ता अधिकारी बताउँछन् । 'यो वर्षदेखि विभिन्न नदीमा उहाँहरुले जलयानका यात्रुहरुका लागि टर्मिनल भवन बनाउन थाल्नुहुन्छ', उनले भने, बजेट छुट्इएको छ ।'

*(स्रोतः अनलाइनखबर)*

# पललाई लिएर दीवाकरले सुरु गरे 'मायावी'को छायांकन



काठमाडौं/निर्देशक दीवाकर भट्टराईले आनो नयाँ फिल्म 'मायावी'को छायांकन सुरु गरेका छन् । मुस्ताङको नीलगिरि हिमाल क्षेत्रमा एउटा रोमान्टिक गीत खिचेपछि बिहीबारबाट तालनगरी पोखरामा औपचारिक रुपमा फिल्मको छायांकन सुरु गरिएको हो । क्यामेरा र स्क्रिप्ट पूजा गरेपछि छायांकन थालिएको फिल्ममा पल शाह, दीपिका प्रसाई, समीम खान, सुशील सिटौला मुख्य भूमिकामा छन् ।

निर्देशक भट्टराईले राज कटुवाल र चन्द्र पन्तसँग निर्माणमा सहकार्य गरेको फिल्ममा राजु थापाको डिओपी, एसडी योगीको संगीत र राम अविरल विष्टको शब्द रचना छ । ३५ दिनसम्म पोखरामै छायांकन सेड्युल राखिएको फिल्ममा प्रशान्त ताम्राकार, राजाराम पौडेल, करिश्मा श्रेष्ठलगायतको पनि अभिनय रहनेछ । फिल्मको कथा पोखराको परिवेशमा रहेर तयार पारिएको जनाइएको छ ।

'क्रिएटिभ सिने आर्ट्स'को निर्माण रहने फिल्ममा निर्देशक भट्टराई स्वयंको लेखन छ । 'मायावी'बाट पलले डेढ वर्षपछि कमब्याक गर्दैछन् । उनी एक घटनाका कारण एक वर्ष जेल जीवन विताएर गत फागुनमा रिहा भएका थिए । जेलबाट छुटेपछि ५० भन्दा बढी म्यूजिक भिडियोमा काम गरेका उनले भदौमा कलाकार तथा निर्देशक अनुप बरालबाट तीन हप्ता 'मेथर्ड एक्टिङ' सिकेका थिए ।

# स्विट्जरल्यान्डमा जीयासँग रोमान्टिक भुवन



काठमाडौं/'रोमान्टिक हिरो'को छवि बनाएका भुवन केसीको निजी जीवनमा पनि रोमान्सका किस्सा धेरै छन् । फिल्म अभिनयमा सक्रिय रहँदा उनको धेरै अभिनेत्रीहरुसँग नाम जोडियो । दुईवटा त उनले विवाह नै गरे । तर, दुवै टिकेन । विगत केही वर्षदेखि उनी अभिनेत्री जीया केसीसँग लिभिङ टूगेदरमा छन् । कानुनी रुपमा श्रीमान्-श्रीमती नभइसके पनि दुवै एकअर्काको बलियो साहरा बनेका छन् ।

करिब ५/६ वर्ष त भुवनले जीयासँगको सम्बन्ध लुकाएरै राखे । तर, आजभोलि दुवै खुलेरै रमाइरहेका छन् । जहाँ जाँदा पनि साथमै हुन्छन् । अहिले भुवन घुमफिरका लागि जीयाको साथमा पर्यटकिय गन्तव्य स्विट्जरल्यान्ड पुगेका छन् । उनीहरुले स्विट्जर ल्यान्ड भ्रमणलाई स्मरणीय बनाउन फेसबुकमा तस्विर सेअर गर्नेदेखि रोमान्टिक अन्दाजमा टिकटक भिडियोहरु समेत बनाइरहेका छन् ।

जीयाले बुधबार भुवनसँग रोमान्टिक अन्दाजमा बनाएको एउटा टिकटकले त उनीहरुकै कथा बोल्छ । बलिउड फिल्म 'ब्रह्मचारी'मा समावेश चर्चित गीत 'आजकल तेरे मेरे प्यार के चर्चे हर जबान पर, सबको मालूम है और सबको खबर हो गई'मा जीयाले टिकटक भिडियो बनाएकी छन् । गीतले भनेझैं उनीहरुको सम्बन्धलाई लिएर पनि चर्चा भैरहेको छ । र, हरजोही यसबारेमा जानकार छन् ।

अघिल्लो वर्ष भुवनले अमेरिका भ्रमणको क्रममा जीयासँगको सम्बन्धलाई निर्णायक मोड दिने योजना रहेको बताएका थिए । उनले विवाहको संकेत गरेका थिए । उनले भनेका थिए, 'हामी धेरै वर्षदेखि सँगै बस्दै आइरहेका छौं । अब त्यसलाई निर्णायक मोड दिने सोचमा छु । परिवार सकारात्मक हुनुहुन्छ । चाँडै हामीले एउटा निर्णय लिन्छौं ।' भुवन हाल चलचित्र विकास बोर्डको अध्यक्ष छन् ।

# देशको हाल बिर्सिएर घुमघाममा प्रधानमन्त्री

काठमाडौं/अन्तिम रुप नै नपाएको संघीय निजामती विधेयकलाई संसदमा पेश गर्ने निर्णय गरेर ३० भदौमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसंघको महासभाका भाग लिन अमेरिका उडे ।

न्यूयोर्कमा ६ दिन बिताएपछि प्रधानमन्त्री प्रचण्ड ५ असोजमा अमेरिकाबाटै चीन पुगे, चिनियाँ राष्ट्रपति सी जिनपिङसँग शनिबार ह्वाङ्झाउ र प्रधानमन्त्री लि छ्याङसँग सोमबार बेइजिङमा भेटवार्ता गरेपछि राजनीतिक भेटवार्ता सकिएको छ ।

तर प्रधानमन्त्री क्याबिनेटका मन्त्रीहरुसहित घुमघाममा छन् । प्रधानमन्त्री प्रचण्डले चोङकिङ एकेडेमी अफ एग्रिकल्चरल साइन्सेससहित ल्हासाको पोताला दरबार, जोखाङ मन्दिर, कैलाश बे क्याम्प, मानसरोबर भ्रमण सकेका छन् । अझै उनले 'चेङ्दु जाइन्ट पान्डा ब्रिडिङ'को पनि भ्रमण गर्ने कार्यक्रम बाँकी छ ।

तर, मन्त्रिपरिषदको निर्णयअनुसार अहिलेसम्म निजामती विधेयक संसदमा पुगेको छैन । मन्त्रिपरिषदको निर्णय प्रमाणीकरण नगर्दै मुख्यसचिव डा. वैकुण्ठ अर्याल पनि ४ असोजमा चीन पुगेका थिए । उनी पनि प्रधानमन्त्रीसँगै ल्हासामा रहेका कारण महत्वपूर्ण विधेयक संसदमा लैजाने निर्णय सार्वजनिक गरेको तीन हप्तासम्म पनि अपुरो मस्यौदा प्रधानमन्त्री कार्यालयमै थन्किएको छ ।

संसद बिजनेसबिहीन छ, संसदमा पेश भएको विद्यालय शिक्षा विधेयकको प्रस्तावित व्यवस्थाको विरोधमा शिक्षकहरुलाई सडक आन्दोलन गरिरहेका छन् । सरकारले नेपाल शिक्षक महासंघसँग ६ बुँदे सहमति गरेपनि राहत र अनुदान शिक्षकहरुको आन्दोलन चलिरहेकै छ ।

कार्यक्षेत्रमा सुरक्षा माग गर्दै चिकित्सकहरुले तीन दिनदेखि आन्दोलनमा छन् । सुन तस्करीको छानबिनका लागि गठन गर्ने भनिएको उच्चस्तरीय जाँचबुझ आयोग बन्न सकेको छैन । ६ भदौमा दलहरुबीच भएको सहमति अनुसार यो आयोग ५ असोजमा बनिसक्नु पर्थ्यो । तर आयोगको कार्यदिशमा सहमति जुट्न सकेन ।

प्रधानमन्त्री प्रचण्डको उपस्थितिमा हुने छलफलले मात्र यो टुंगो लगाउने नेताहरु बताउँछन् । प्रधानमन्त्री प्रचण्ड भने शनिबार मात्रै काठमाडौं फर्किने कार्यक्रम छ ।

पूर्वमुख्यसचिव विमल कोइराला नेपाल प्रधामनन्त्रीकै भ्रमणको कार्यसूची प्राथमिकता र कालखण्डको विशिष्ट अवस्था नहेरी तय भइरहेको टिप्पणी गर्छन् ।

'देशमा नियमित ढंगले हुनुपर्ने कामहरु समयै टुंगो लगाउने सुनिश्चितता नगरी जिम्मेवार व्यक्ति विदेश भ्रमणमा जानु लापरवाही हो' विदेश भ्रमणलाई उद्देश्यमूलक भन्दा आनन्दका रुपमा प्रयोग गर्न थालिएको भन्दै उनले भने, 'कामको हेक्का नराखी सरकारी पदाधिकारी विदेश भ्रमणमा हिँडिरहनु उचित होइन ।'

**क्याबिनेटका धेरै सदस्य विदेशमा**

प्रधानमन्त्री प्रचण्ड मात्र होइन, उनको क्याबिनेटका धेरै सदस्य अहिले विदेश भ्रमणमा छन् ।

राष्ट्रसंघको महासभामा भाग लिन २६ भदौमा न्यूयोर्क उडेका परराष्ट्रमन्त्री एनपी साउद प्रधानमन्त्रीसँगै चीन पुगे । उनी सँगै भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, खानेपानी मन्त्री महेन्द्रराय यादव पनि प्रधानमन्त्री प्रचण्डसँगै ल्हासामा छन् । युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु चीनकै ह्वाङ्झाउमा छन् । उनी एशियाली खेलकुद हेर्न त्यहाँ पुगेका हुन् । अर्थमन्त्री प्रकाशरण महत बिहीबार मात्र काठमाडौं आइपुगे । एसियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक (एआईआईबी)को वार्षिक बैठकमा सहभागी उनी राजस्व सचिव रामप्रसाद घिमिरेलाई लिएर इजिप्टको कायरो पुगेका थिए । कृषि तथा पशुपन्छी विकासमन्त्री बेदुराम भुसाल क्युवाको हवान र शहरी विकासमन्त्री सीता गुरुङले एक साता लामो युरोप भ्रमण गरेर फर्किएका छन् ।

जबकी अहिले मुलुकको अर्थतन्त्र संकटमा छ । लक्ष्य अनुसार राजश्व संकलन नभएपछि सरकारले पहिलो त्रैमासिकमै आन्तरिक ऋण उठाउन थालिसक्यो । यो बेलामा सरकारले गम्भीर भएर काम गरेन भने आगामी दिन थप चुनौतीपूर्ण हुनेछ । सम्भावित संकट टार्न दिनरात नभनी काम गर्नुपर्ने बेला प्रधानमन्त्री र मन्त्रीहरु, सचिवहरुलाई समेत लिएर धमाधम विदेश भ्रमणमा जाँदा सरकारको नियमित कामकारबाही समेत प्रभावित भएको छ ।

प्रमुख प्रतिपक्षी केकपा एमाले सचिव योगेश भट्टराई त हरेक दिन जस्तो मन्त्री विदेश जाने गरेको टिप्पणी गर्छन् । 'हरेक दिन कुनै न कुनै मन्त्री विदेशमा छ, कुनै न कुनै सचिव विदेशमा छ । हरेक दिन कार्यालयको कुनै न कुनै मान्छे विदेशमा छ' उनले बुधबार संसदको सार्वजनिक लेखा समितिमा भने ।

शाखा अधिकृत जाँदा नै पर्याप्त हुने कार्यक्रममा समेत मन्त्रीहरु विदेश जाने गरेको उनको टिप्पणी थियो । संसद भट्टराईले भ्रमण गएकाहरुको विवरण दिएर त्यसको औचित्यको सम्बन्धमा समितिमा छलफल गर्नुपर्ने उनको माग थियो ।

पूर्वमुख्य सचिव कोइराला पनि कुनै समस्या नै छैन भने जस्तो सरकारको कार्यशैली देखिएको बताउँछन् । 'अर्थतन्त्र चौपट छ, शासन व्यवस्थामाथि ठूला प्रश्नहरु उठेका छन्, तर यसरी राजकाज चलेको छ कि केही पनि भएको नै छैन' उनले भने, यसको परिणति त आखिरीमा नेपाली जनताले भोग्नुपर्ने हुन्छ ।'

*(स्रोतः अनलाइनबर)*

# सदन, सरकारको...

यस्ता अनगिन्ती छन् तर हालै सरकारी दुईटा कुरा सुन्दा आश्चर्य लाग्यो, लाज पनि जाग्यो र आफ्नै भोगाइको एउटा घटना ब्युँझ्यो । पहिलोत हेटौंडामा चिकित्सक कुटिएको कारण सरकारी पक्षले सहमति गर्दै भन्यो- 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षामा नेपाल सरकारका सरोकारवाला निकाय प्रतिबद्ध रहने ।' अर्को कानुन मन्त्रालयको तर्फबाट हो कि ? 'अब उप्रान्त विधेयकहरू बनाउँदा वा संसद्मा पुऱ्याइनु अघि सरोकारवाला पक्ष र विशेषज्ञसँग छलफल, परामर्श गर्ने ।' भनियो ।

सुन्दा मज्जा आउने । गर्न थालेछन् जस्तो लाग्ने तर गम्दा लाजमर्दो हुने । जब म तनहुँको क्यामिन छापथोकमा निमावि स्थापना गर्न प्रधानाध्यापकको जिम्मेवारीमा गएँ तब स्कुल निश्चित समयमा आउन सबैलाई कडाइ गरें । क्रमशः बिस्तारै । केही त्यस्ता शिक्षक रहेछन् स्कुल समयमै दारु खाने, तास खेल्ने । मन लागेको बेला आउने हाजिर गर्ने, नभए भोलि,पर्सिपल्ट । तिनलाई मेरो प्रयत्न प्रतिकूल अनुशासन हुने नै भयो । प्रतिवाद नजानिदो प्रहारमा व्यक्त हुन थाल्यो ।

दायित्वमा प्रतिबद्ध साथीहरूको समर्थनमा 'स्टाफ मिटिङ' सुरु गरिएको थियो । एक दिन बैठकमा तिनै 'दारुबाज' मध्येका सरले भने-'हेड सर आजदेखि सधैं दस बजे स्कूल आइपुग्नुपर्ने निर्णय गरौं वा लेखौं ।' सुन्दा ठीकै लाग्यो तर अर्को बैठकमा निर्णय गरौंला भनियो ।

यसबीच मनमा कुरा खेलिसकेको थियो । मन खाने साथीसँग भने । त्यही कुरा आगामी बैठकमा पनि उठाइयो । अलि झर्केर भन्दिएँ - दस बजे स्कुल आउने कुरा मास्टरको नियुक्तिपत्र बुझ्दैमा थाहा पाउनु भएको होइन र ? फेरि यहाँ त्यस्तो निर्णय गरेर उल्लु हुने ? सेवाप्रति सज्जन साथीहरू चाहिँ गलल्ल हाँस्नु भयो । कुरा टुँगियो । त्यस्तै चिकित्सकसँग सरकारले गरेको 'सुरक्षामा प्रतिबद्ध हुने' सहमति हो । के यो सरकारको सदाबहार वा सधैँको दायित्व होइन र ? अनि सबैप्रति दायित्व होइन ? सरकारमा बस्दैखेरि नै यो दायित्व बोध भएको थिएन र ? अर्को प्रश्न- चिकित्सकको सुरक्षामा प्रतिबद्ध हुने ? सरकारले अरूको सुरक्षाप्रति चाहिँ प्रत्येकपल्ट, सबैसँग यस्तै जग हसाउँने प्रतिबद्धता गर्ने ? कि अरूको सुरक्षा सरकारको दायित्वभित्र पर्दैन ? नालायकीको पनि हद हुन्छ नि हो !

कसैलाई त नसुन्दा पनि हुने रहेछ । लोकप्रिय जननिर्वाचित प्रतिनिधि, संघीय राजधानी, महानगर प्रमुख बालेन्द्र (बालेन) शाह । हाइहाइका पात्र ! तर तिनले नौ नौ दिनसम्म ई:को माग सुनुवाइ गर्न आवश्यक ठानेनन् । ढोका अघिल्तिर सडकमा उभिएका छन् ई: गुनासोको पोको बोकेर ।

सायद् तिनको महाराज 'शाह'को दम्भमा ठेस लाग्छ ? त्यसैले स्टाटसमा बोल्न मन पराउँछन् बालेन शाह । लोकतन्त्रका पात्र । यस्तै यस्तै पात्रले राजनीतिको सडक ढाकेको छ । धन्न यी लाइन लेख्दै गर्दा महानगरले ई:सँग सहमति गरेको खबर सार्वजनिक भएको छ ।

अर्को, त्यस्तै विधेयक सम्बन्धी सरोकारवालासँग छलफल गरिने भन्ने कुरा । सरकार र संसद् भनिने पक्षलाई सरोकारवालासँग परामर्श, छलफल गर्नुपर्छ भन्ने 'घाम घैँटामा' बल्ल लागेको हो ? यो पनि त सधैँ अपनाउनुपर्ने लोकतान्त्रिक विधि हो । कि होइन ? लाजको पसारो ! नालायकीको हद ।

यस्तै चरित्र, यस्तै प्रवृत्ति र तदर्थवादी तरिकाले उत्पन्न कठिनाइ वा राज्य निकायको गैर जिम्मेवारी र सदनको लापरवाही बुझ्नोस् अनुत्तरदायी वा अक्षम कृत्यले विश्वासको बिस्कुन माइतीघर-वानेश्वरमा पोखिन थालेको हो । हेक्का भए, सरकार र सदनसँग भरोसा टुट्दा बाध्यताको नियति यो ठाउँले लिएको हो । सडक रोजिएको हो ।

*(साभार: बाह्रखरी)*

# असोज २६ मा थपियो 'बासेन्जी', त्रिपक्षीय भिडन्त निश्चित



काठमाडौं/फिल्म रिलिजका लागि दशैंको विदा सबैभन्दा उपयुक्त मानिन्छ । झण्डै एक हप्ता लामो विदा र फेस्टिभलको रमझम हुने भएकाले धेरैको रोजाईमा फिल्म पर्छ । यसैले हरेक वर्षको दशैंमा फिल्म रिलिज गर्न नेपाली निर्माताहरुबीच ठूलो र स्साकस्सी हुने गरेको छ । यसपालिको दशैंमा पनि फिल्म रिलिजको बाढी नै आउनेवाला छ । एकै मितिमा तीनवटासम्म फिल्म भिड्ने निश्चित भएका छन् ।

यही असोज २६ गते अर्थात् घटस्थापनाको दुई दिनअघि फिल्म 'परदेशी २' एकल प्रदर्शन हुने सम्भावना देखिएको थियो । तर , यो मितिमा फिल्म थपिएका थप्यै छन् । केही दिनअघि अभिनेत्री ऋचा शर्मा अभिनीत फिल्म 'कौसीद'को ट्रेलर सार्वजनिक गर्दै असोज २६ लाई प्रदर्शन मिति घोषणा गरियो । अब यही मितिमा भिडियो गेमको शैलीमा बनेको फिल्म 'बासेन्जी' पनि आउने भएको छ ।

अमेरिकी नागरिक इयन स्कट क्लेमेन्टको निर्देशनमा गौरीशङ्कर इन्टरटेनमेन्टको ब्यानरबाट सुरज मैनालीले निर्माण गरेको फिल्म हरर जनरामा बनेको छ । प्रवेश पात्रको आँखाबाट र उसैलाई मुख्य पात्र बनाएर फिल्मको कथा भनिएको छ । निर्देशक क्लेमेन्टले यसअघि फिल्म 'म्याङ्गो पिक्कल' निर्देशन गरेका थिए । निर्देशक क्लेमेन्टसँगै फिल्ममा सुरज मैनाली र गौरव बस्नेतको लेखन छ ।

राजीव मानन्धरको छायांकन रहेको फिल्ममा प्रवेशको भूमिकामा असिम निरौलाले अभिनय गरेका छन् भने आकाशको भूमिकामा सुप्रिम राई छन् । त्यसैगरी मिथिला शर्मा, सरिता गिरी, अंकित खड्का, प्रवेश उप्रेती, निरु खड्का, प्रतिक दुलाल, सुदीपा पाठक, राज शर्मा, मोक्ष अधिकारी आदिको पनि फिल्ममा अभिनय छ । निर्देशक क्लेमेन्टले फिल्ममा नौलो प्रयोग गरिएको बताएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# १० हजार लिटरको ६५० तिर्ने बड्कुलेवासीलाई नि:शुल्क खानेपानी

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ स्थानीयस्तरमा सञ्चालनमा रहेको खानेपानी आयोजनाबाट दैनिक जीवनयापनका लागि महंगो शुल्कमा पानीको प्रयोग गर्दै आएका हेटौंडा-१८ बड्कुलेका बासिन्दाले नि:शुल्क खानेपानी पाउने भएका छन् ।




२०५८ सालबाट सञ्चालन भएको मौडीखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत् खानेपानीको प्रयोग गर्दै आएका बड्कुलेका १०४ घाराका बासिन्दाले १० हजार लिटर पानीको प्रयोगबापत ६५० रुपैयाँ तिर्दै आएका थिए । कर्मचारी, विद्युत र मर्मत शुल्क गरेर खानेपानीको लागत महँगो पर्दै आएको थियो समितिका अध्यक्ष राजेन्द्र घलानले बताए । उनका अनुसार समितिले ४ हजार लिटर पानि उपभोग गरे वापत २५० रुपैयाँ न्यूनतम शुल्क लिदै आएका थियो ।

मंहगो शुल्कमा पानीको उपभोग गर्दै आएका स्थानीयलाई नियमित पानी दिन समितिलाई आर्थिक भारका कारण समस्या पर्दै गएपछि १८ नम्बर वडा कार्यालयमार्फत् खानेपानीको महशुल भुक्तान गरिएको थियो । महशुल भुक्तान गरेसँगै बिहीवार खानेपानी योजना हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको छ । बोर्डलाई हस्तान्तरण गरेसँगै बड्कुलेबासीले १० हजार लिटरसम्म पानी नि:शुल्क पाएका छन् ।

हेटौंडा उपमहानगरपालिकाले नगरक्षेत्रमा खानेपानी बोर्डमार्फत जडित धाराबाट पानीको उपभोग गर्नेलाई १० हजार लिटर सम्म पानी नि:शुल्क उपलव्ध गराएसँगै उपनहरुले पानी नि:शुल्क पाउने भएका छन् । तोकिए भन्दा बढी पानी उपभोग गरेमात्र महशुल लाग्ने बताइएको छ ।

बोर्डमा हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले नगरवासीलाई पानीको सुबिधाबाट बञ्चित नगराउने उद्देश्यअनुरुप काम भैरहेको बताइन् । सरकार भएको अनुभूति दिलाउँदै नागरिकलाई दायित्व बोध गराउदै जिम्मेवारी दिने तयारी अनुसार अघि बढिरहेको उनको भनाई थियो । नगरवासीले धारामा आएको पानी सोझै प्रयोग गर्ने वातावरण बनाउने तयारीमा रहेको भन्दै उनले खानेपानीको उचित व्यवस्थापनसँगै आर्थिक रुपमा कम्जोर भएपनि विकासको काममा जोड दिँदै अघि बढेको बताइन् ।

हर्नामाडि क्षेत्रमा उपभोक्ता समितिले सञ्चालन गरेको ३ वटा योजना बोर्डमा हस्तान्तरण भैसकेको छ भने अहिले २५ हजार घरधुरीले बोर्डमार्फत खानेपानीको प्रयोग गर्दै आएको बताइएको छ । मौडीखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति राजेन्द्र घलानको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा १८ का वडाअध्यक्ष अनिल बानियाँ, खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्ट, हेटौंडा उपमहानगरपालिकाका बिज्ञ सल्लाहकार डाक्टर कृष्ण धिताल, बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रासद सापकोटा लगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडामा मनाइयो रेबिजबिरुद्धको अन्तराष्ट्रिय दिवस

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ रेविज एक स्वास्थ्य एक गन्तव्य भन्ने नाराकासाथ मकवानपुरमा १७ औ विश्व रेविज दिवस मनाइएको छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र हेटौंडाको आयोजनामा हेटौंडा उपमाहनगरपालिका वडा नं ८ मिलनचोकमा १७ औ विश्व रेविज दिवस मनाइएको हो । भेटेरीनरी अस्पतालका प्रमुख डा. बज्रकिशोर ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिको प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख लामाले रेविज तपाईं-हामीले पालेको जनावरबाटै सर्ने रोग भएकोले यसबाट जोगिन सुझाव दिइन् । विशेषगरी घरपालुवा कुकुर लाई समयमैं रेविजविरुद्धको खोप लगाइदिन जरुरी रहेको उनले बताइन् । रेबिजबिरुद्धको खोप लगाइसकेको भए अन्य संक्रमित जनावरसँग सम्पर्क र संसर्ग नहोस भन्ने कुरामा विशेष सचेतना हुनु आवश्यक रहेको मेयर लामाले बताइन् । रेबिज संक्रमणको जोखिममा हामी जो कोही पर्न सक्छौं, तसर्थ ध्यान पुऱ्याउन जरुरी रहेको उनले बताइन् ।

कार्यक्रममा ५६ वटा कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको पशुसेवा विभागका डा. विमोचन पौडेलले जानकारी दिए । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रलाई पशुसेवा केन्द्रबाट एक हजार डोज भ्याक्सिन उपलब्ध गराइएको थियो । यसै गरी पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयबाट २५० डोज भ्याक्सिन उपलब्ध गराइएको थियो । सप्ताहव्यापी चल्ने कार्यक्रममा सवै स्थानीय तहलाई भ्याक्सिन उपलब्ध गराइने बताइएको छ । थाहा नगरपालिका, मनहरी, गढी, बागमती र इन्द्रसरोवर गाउँपालिकाले भ्याक्सिन लगिसकेको र बाँकी स्थानीय तहले पनि लैजाने डा. पौडेलले बताए ।

कार्यक्रममा अध्यक्ष डा ठाकुरले रेबिजको बारेमा सवैलाई थाहा भएको हुनाले र रेविज मानवसभ्यतासँगै धेरै अगाडिदेखि देखिएको बताए । रेविज लागेको कुकरले मान्छेलाई टोकेमा या कुकुरले अन्य जनावरलाई टोकेमा ति जनावरसँगको सम्पर्कमा आएका मानिसमा रेविज लाग्दछ । रेविज लागेको जनावरको ऱ्यालवाट सर्ने यो रोगले मानव इतिहासलाई र चिकित्साविज्ञानलाई चुनौती दिएको डा. ठाकुरले बताए ।

अहिले आएर आधुनिक चिकित्सापद्धती अनि भ्याक्सिन अर्थात् प्रतिरोधात्मक खोपहरु प्रयोग गरेर यस्तो जनावरले टोकिसकेछि पनि औषधिको मात्रा पुरा गरेर रेविजलाई समयमै निको पार्न सकिने उनले बताए ।

ढिला भएमा र भाइरसले अधिक प्रभाव पारेमा भने रेविज प्राणघातक बन्न सक्ने उनले बताए । कार्यक्रममा हेटौडा उपमहानगरपालिकाको वडा नं ८ का वडाअध्यक्ष राम थापा, भेटेरीनरी अस्पतालतथा विज्ञकेन्द्रका कर्मचारीको सहभागिता रहेको थियो ।

# हेटौंडामा मनाइयो समयबजी

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ नेवा सांस्कृतिक पुच: हेटौंडाले भीमसेन मन्दिरमा बिहीबार साँझ समयबजी कार्यक्रम आयोजना गरेको छ । पुचका अध्यक्ष सुनकुमार मानन्धरको सभाध्यक्षतामा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा समयबजीको उद्घाटन गरिएको हो ।



नेवार समुदाय संस्कृतिको धनी समुदाय भएकोले नेवारी संस्कृतिको संरक्षण गर्न नगरपालिकाले बिशेष कार्यक्रम संचालन गर्ने नगर प्रमुख लामाले बताइन् । नगरप्रमुख लामाले नेवारी संस्कृति र परम्पराको जगेर्ना गर्ने बिषयमा आफूले काठमाडौं महानगरकी उपप्रमुख सुनिता डंगोलसँग समन्वय गरिरहेको पनि जानकारी गराइन् । नेवार जातिको संस्कृतिले नेपाललाई संसार भर चिनाएको पनि लामाले उल्लेख गरिन् ।

कार्यक्रममा नेवा सांस्कृतिक पुच: मकवानपुरका संस्थापक अध्यक्ष बिन्दुगोपाल गोर्खाली, नेपाली कांग्रेसका नेता अशोक शाक्य, भवसागर श्रेष्ठ, होटल एसोसियसनका पूर्वअध्यक्ष शंकरलाल श्रेष्ठ, पुच:का सल्लाहकार अधिवक्ता ललिता श्रेष्ठ, योगेश्वर श्रेष्ठ, मोहनमान सांगामीलगायतको सहभागिता रहेको थियो । नेवारी परम्परालाई निरन्तरता दिने कार्यमा आफूहरु लागेको पुच:का महासचिव नारायण राजथलाले बताए ।

नेपालका बिभिन्न चाडपर्व मनाउने गरिन्छ । सामाजिक, राजनीतिक, एतिहासिक र भौगोलिक हिसावले पनि महत्वपूर्ण पर्बजात्र मध्ये ईन्द्रजात्रा पनि एक हो । उपत्यकावासी सम्पूर्ण नेवारहरुले मनाउने यो चाड हेटौंडाबासी नेवार समुदायले पनि मनाएका हुन् । वर्षा र सहकालका देवता इन्द्रको पूजा एवं सम्झनामा मनाइने यो पर्वमा नेवारी खानामा निकै लोकप्रिय समयबजी खाने गरिन्छ । समयबजीमा ३२ प्रकारका परिकार हुन्छन् । यसदिन उपत्यकाका विभिन्न स्थानमा समयबजी धुमधामका साथ मनाइन्छ ।

समयबजी खानाले शरीमा तापक्रम बढाई ऊर्जा दिइने जनाइएको छ । यसले आउँदो वर्षलाई ऊर्जा दिने विश्वास गरिन्छ । विगतका कटुता बिर्सिएर मेलमिलाप बढाउने हुने मान्यता रहेको यो पूजा एक हजार वर्षदेखि चल्दै आएको मानिन्छ । ईन्द्रजात्राको दिन समयबजी खानाले शरीर स्वस्थ्य रहने, रोग नलाग्ने जनविश्वास रही आएकोछ ।

# हेटौंडा सिमेन्ट उद्योगले थाल्यो उत्पादन

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ करिब दुई हप्ताअघि बन्द भएको हेटौंडा सिमेन्ट उद्योगले बिहीबार देखि पुन: उत्पादन सुरु गरेको छ । आगो बाल्ने भट्टीको केही उपकरण बिग्रिएर सिमेन्ट उत्पादन बन्द गर्नुपरेको उद्योगले जनाएको छ ।




बिग्रिएका उपकरण मर्मतसम्हार र थप उपकरण जडान गरिएपछि उत्पादन सुरु गरिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले बताए । हेटौंडास्थित नेपाल विद्युत प्राधिकरणले दिँदै आएको विद्युत आपूर्ति करिब आधाघण्टा अवरुद्ध हुँदा उत्पादन कार्यलाई नियमित राख्न कठिनाइ भएको उनले जानकारी दिए । उद्योगमा विद्युत आपूर्तिको लागि छुट्टै फिडर जडान गरिए पनि आपूर्ति पटक-पटक अवरुद्ध हुँदा उत्पादन कार्यमा निकै समस्या भोग्नु परेकाले प्राधिकरणसँग नियमित विद्युत आपूर्ति गर्न पत्राचार भइरहेको पनि महाप्रबन्धक कर्णले बताए ।

नेपाल सरकारको स्वामित्वमा रहेको उद्योग करिब चार दशक पुरानो हुँदै जाँदा सबै उपकरण पनि जीर्ण हुँदै गएकाले उत्पादन क्षमतामा कमी आएको उल्लेख गरिएको छ । साबिक क्षमताअनुसार दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने लक्ष्य भए पनि अहिले दैनिक दस हजार बोरा मात्रै सिमेन्ट उत्पादन भएको उद्योग व्यवस्थापनले जनाएको छ ।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौंडामा स्थापना गरेको उद्योगले २०४३ साल मङ्सिर २६ गतेदेखि व्यावसायिक उत्पादन गर्दै आएको हो । एक अर्ब ३८ करोड ९० लाख रुपैयाँको लगानीमा स्थापना गरिएको यो उद्योगले अहिले विभिन्न सहरमा दैनिक चार हजारदेखि पाँच हजार बोरासम्म मात्र सिमेन्ट बिक्रीवितरण गरिरहेको छ । पर्याप्त सिमेन्ट बिक्री हुन नसक्दा निकै आर्थिक भार व्यहोर्न परेको उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले बताए ।

# १३ महिला उद्यमीलाई प्रविधिका लागि बीउपूँजी दिइने

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ बागमती प्रदेश सरकारले उद्यम गर्न चाहने महिलालाई आवश्यक प्रविधिका लागि बीउपूँजी उपलब्ध गराउने भएको छ । चालु आर्थिक वर्षको कार्यक्रमअनुसार प्रदेश भित्रका १३ महिलालाई बीउपूँजी दिने भएको हो ।

सामाजिक विकास मन्त्रालय हेटौंडाले बिहीबार सूचना प्रकाशित गर्दै महिला उद्यमशीलता विकास वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार इच्छुक महिला उद्यमीसँग निवेदन माग गरेको छ । व्यावसायिक कार्ययोजनासहित निवेदन दिने म्याद १५ दिनको छ । महिला उद्यमी र महिला उद्यमी समूहले कार्यविधिको अनुसूची १ को ढाँचा बमोजिमको निवेदन साथ उद्योग (व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, करदाखिला गरेको प्रमाण वा करचुक्ताको प्रमाणपत्र आवश्यकता अनुसार व्यावसायिक इजाजतपत्र व्यावसायिक योजना र माग गरेको प्रविधि र सो प्रविधिको क्षमता उल्लिखित विवरण सलग्न हुनुपर्ने पनि सूचनामा छ ।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदकको नामनामेशी र मूल्यांकनका आधारहरु सूचना प्रकाशित भएको समयावधि समाप्त भएको भोलिपल्ट अर्थात १६ औं दिनमा मन्त्रालयमा अनिवार्य रुपमा पठाइसक्नु पर्ने सूचनामा उल्लेख छ । मन्त्रालयले प्रदेशका का ११९ वटै स्थानीय तहलाई महिला उद्यमशीलता विकास वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम कार्यसञ्चालन गर्न गराउन अनुरोध गरेको छ । कार्यविधिअनुसार स्थानीय तहले महिला उद्यमी सिफारिस गरी पठाउन सक्नेछन् ।

# राष्ट्रिय यु-१६ खेलाडी बानियाँलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/राष्ट्रिय यु-१६ टिमका गोलरक्षक हेटौंडाका युवा खेलाडी विशेष बानियाँलाई सम्मान प्रदान गरिएको छ ।

भुटानको थिम्पुमा भएको साफ युथ-१६ फुटबल प्रतियोगितामा सहभागी भएर फर्किएका हेटौंडाका गोलरक्षक बिशेष बानियाँलाई हेटौंडाको नागस्वती भेट्रान्स क्लबले नगदसहित सम्मान गरेको हो । एन्फा एकेडेमीका उत्पादन गोलरक्षक बानियाँ पूर्वएडिभिजन खेलाडी बिक्रम बानियाँका छोरा हुन् । बानियाँले पढाईसँगै फुटबललाई पनि आफ्नो भविष्य बनाएर अघि बढिरहेका छन् । बानियाँलाई क्लबले बिहीबार हेटौंडामा एक कार्यक्रमको आयोजना गरेर सम्मान गरेको हो ।

पछिल्लो समय भेट्रान फुटबलको राष्ट्रियस्तरको प्रतियोगिताहरु आयोजना गर्दै आएको क्लबले युथ-१६ टिमका गोलरक्षक विशेषलाई सम्मान गरेको हो । न्युरोड टिमको क्लब एकेडेमीबाट छनोट भई विशेष राष्ट्रिय टिम युथ-१६ मा परेका थिए ।

नागस्वती भेट्रान्स क्लबको कार्यालयमा भएको कार्यक्रममा क्लबका अध्यक्ष सोम तितुङले खेलाडीको प्रोत्साहनको लागि कुनैपनि कसर नराख्ने बताए । कार्यक्रममा मकवानपुर जिल्ला फुटबल संघका सदस्य राम केसी, ७ नम्बर वडाका वडासदस्य दिनेश थापा, नागस्वती भेट्रान्सका उपाध्यक्ष बीरेन्द्रराज खत्री, सचिव प्रदीप गौतम, गोकुलनाथ पौडेल लगायतको उपस्थिति थियो ।

# मजदुर क्लस्टरबाट मकवानपुरका दुई जना निर्विरोध

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ नेकपा एमाले बागमती प्रदेश अधिवेशनमा मजदुर क्लस्टरतर्फ तीनजना सदस्य निर्विरोध चयन भएका छन । निर्विरोध तीन जनामध्ये दुई जना मकवानपुरका छन् ।

आवश्यक तीन पदमा तीनैजनाको मात्र उम्मेदवारी परेपछि उनीहरु निर्विरोध भएका हुन । निर्विरोध हुनेमा जिफन्ट राष्ट्रिय कमिटी सचिव तारानिधि पन्त (काभ्रे), जिफन्ट बागमती प्रदेश उपाध्यक्ष अर्जुन अर्याल (मकवानपुर) र पूर्वउपमहासचिव गीता काकी (मकवानपुर) छन ।



## लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं ।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं ।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं ।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं ।
- पशुचिकत्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## १३ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा २०८०/०५/०७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको १३ औं वार्षिक साधारण सभा निम्न विषयहरुमा छलफल गरी निर्णय तथा पारित गर्न तपसिल अनुसारको मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू** :
१. सञ्चालक समिति, लेखा समिति र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. ०७९/८० को लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व. ०८०/८१ को अनुमानित बजेट तथा भावी कार्यक्रम सम्बन्धमा ।
४. आ.व. ०८०/८१ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. संचालक समितिमा रिक्त पदपूर्ति र अनुमोदन सम्बन्धमा ।
६. विनिमय संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
७. नीति तथा कार्यविधि संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
८. शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष सम्बन्धमा ।
९. कानूनी खर्च सम्बन्धमा ।
१०. १३ औं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्ने सदस्यहरुको छनौंट सम्बन्धमा ।
११. विविध ।

**तपसिल**
**मिति** :- २०८० असोज १३ गते शनिवार
**समय** :- मध्यान्ह १२:१५ बजे देखि
**स्थान** :- रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

***नोट:** उपस्थित शेयर सदस्यहरुलाई रु.५००।- (पाँच सय) को दरले यातायात खर्चको व्यवस्था गरिएको छ । उक्त रकम संस्थाको विनियम नीति तथा कार्यविधि अनुसार खातामा हालिनेछ ।*

आशा ढकाल (सचिव)
**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड, मकवानपुर

बागमती प्रदेश सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, चितवन**
भरतपुर, चितवन फोन नं ०५७-४९३११५
Email: akcchitwan@gmail.com

## कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

*सुचना नं: ४-२०८०/८१*
*प्रथम पटक प्रकाशित मिति २०८०/०६/१२*

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्लाका सूचनामा उल्लेख भए बमोजिमका आवेदकहरुले सूचना प्रकाशित भएको २१ औं दिन (मिति २०८०/०७/०२) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित कार्यविधि बमोजिम निवेदन दर्ता गराउनुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट रु लाखमा | साझेदार संस्था आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम | संख्या | १०० | ३०० | कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी/जल उपभोक्ता समिति | साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधी २०८० |
| २ | प्राङ्गारिक मल वितरण कार्यक्रम | मे.टन. | ५०० | ५० | कृषक समुह/कृषि सहकारी/निजि कृषि फर्म/कृषि उद्यमी | प्राङ्गारिक मल वितरण कार्यविधि (प्रथम संशोधन), २०७९ |

१. रु १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्थाको हकमा संस्था दर्ता तथा नवकिरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. PAN/VAT दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
५. संस्थाको हकमा निर्णय प्रतिलिपि
६. खेतीयोग्य जमिनको क्षेत्रफल खुल्ने कागजात (लालपूर्जा वा लिजमा खेती गरेको भए ५ वर्ष सम्मको लिजको डकुमेन्ट)
७. स्थानीय तहको कृषि शाखाको सिफारिस,
८. प्रस्तावमा उल्लिखित एउटै प्रयोजनको लागी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोही कामको लागी सहयोग लिए/नलिएको स्वघोषणा ।
९. खरिद गर्न चाहने मलको परिमाण (प्राङ्गारिक मल वितरण कार्यक्रमको लागि मात्र)

| खेतीयोग्य जमिनको क्षेत्रफल | खरिद गर्न चाहाने मलको परिमाण (के.जी.) | कैफियत |
|---|---|---|

**नोट:** कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना